जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : १/२०७४/०७५

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly

वर्ष ६, अंक ६, साउन ८ गते आइतबार २०७९, 24 July Sunday 2022 नेपाल सम्वत ११४२, पृष्ठ ६ मूल्य रू. ८।-




पञ्चबर्षिय रणनीतिक योजना

## कालिकाले शैक्षिक कोष स्थापना तथा एम्बुलेन्स सञ्चालन गर्ने

**जननिगरानी संवाददाता**
**बागलुङ**

प्रसिद्ध धार्मिक स्थल कालिका भगवती मन्दिर विकासको लागि गुठी व्यवस्थापन समितिले



पञ्चबर्षिय योजना तयार गरेको छ ।

गत माघ महिनामा गुठी व्यवस्थापन समितिमा नयाँ कार्य समिति चयन भए पछि मन्दिरलाई धार्मिक तथा साँस्कृतिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यका साथ ३१ बुद्दे रणनीतिक योजना सार्वजनिक गरेको हो ।

समितिले मन्दिरलाई संरक्षण, थप कलात्मक तथा पुरातात्वियक तथा सामाजिक क्षेत्रमा लगानी गर्ने योजना सार्वजनिक गरेको छ । मन्दिर परिसरका जीर्ण संरचना पुरानै शैलीमा पुन:निर्माण, मन्दिर बाहिर विद्याश्रम र धर्मशाला, धार्मिक संग्रहालय, अखण्डधुनी निर्माण तथा हवन कुण्ड निर्माण गर्ने योजना समावेश गरेको गुठी व्यस्थापन समितिका अध्यक्ष कुमार खडकाले जानकारी दिनुभयो ।

पाँच बर्षमा गर्न सक्ने काम मात्रै योजनामा समावेश गरिएको अध्यक्ष खडकाको दावी छ । पर्यटकीय मार्गदर्शक राख्ने देखि अपाङ्ग मैत्री संरचना, भक्तजनको संख्या गणना गर्न सक्ने क्यामेरा, सिसि क्यामेरा तथा आफ्नै वेवासाईड निर्माण गर्ने योजना छ ।

मन्दिर प्रवेश गर्ने दुई स्थानमा सुरक्षा गेट, मन्दिर आसपासको जंगलमा पाईने बन्यजन्तुको संरक्षण गर्ने योजना छ । उक्त घनाजंगलमा चितुवा, मृग, बाँदर, कालिज जस्ता बन्यजन्तु तथा चराचुरुङ्गी पाईन्छन् ।

**मन्दिर प्रवेश गर्ने दुई स्थानमा सुरक्षा गेट, मन्दिर आसपासको जंगलमा पाईने बन्यजन्तुको संरक्षण गर्ने योजना छ ।**

समितिले सामाजिक उत्तरदातिव अन्तर्गत मन्दिर परिसारमा योग स्थल निर्माण, कालिका भगवती नामांकीत एम्बुलेन्स, शव बहान तथा दमकल सञ्चालन, गरिव जेहेन्दार अनाथ तथा असहाय बालबालिकाको शिक्षाको लागि अभिभावत्वक ग्रहण गर्न शैक्षिक कोष निर्माण गर्ने जस्ता सामाजिक कामलाई पनि आत्मसाथ गरेको अध्यक्ष खडकाको भनाई छ ।

मन्दिर बाहिर रहेको सवारी पार्किङ्ग स्थल व्यवस्थापनको जिम्मेवारी मानव सेवा आश्रमलाई प्रदान गर्ने निर्णय भएको गुठी

.............. बाँकी ६ पेजमा

## टोलटोलमा सामाजिक सुरक्षा भत्ता वितरण



**जननिगरानी संवाददाता**
**बागलुङ**

बागलुङको गलकोट नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने नागरिकको सुविधालाई ध्यानमा राखेर टोलटोलमा भत्ता वितरणको व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षा भत्ता बुझनको लागि बैंकसम्म जान ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई समस्या भए पछि वडा तथा टोलस्तरमा बैंकका कर्मचार लगेर भत्ता वितरणको सुविधा प्रदान गरेको हो ।

गलकोट नगरपालिका-४ मा प्रभु बैंकका कर्मचारी वडा तहमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेका हुन । प्रभु बैंकले उक्त वडाका दुई सय ४८ जनालाई २२ लाख १६ हजार ५१८ रुपियाँ भत्ता रकम वितरण गरेको थियो ।

जसमध्ये दलित बालबालिका ३३ जनालाई ५० हजार १२६, पूर्ण अपाङ्गता आठ जनालाई ९५ हजार ५६०, दलित ज्येष्ठ नागरिक ४४ जनालाई तीन लाख ५१ हजार, ज्येष्ठ नागरिक अन्य ११० जनालाई १३ लाख १७ हजार, एकल महिला १९ जनालई एक लाख ५१ हजार, पूर्ण अपाङ्गता १३ जनालाई ८२ हजार, विधवा महिला २१ जनलाई एक लाख ६७ हजार वितरण गरेको प्रभु बैंङ्क गलकोट शाखाका प्रमुख शिशिर बम मल्लले जानकारी दिनुभयो ।

नागरिकको सुविधालाई

.............. बाँकी ६ पेजमा

## बागलुङमा ९० करोड विकास खर्च फ्रिज

**जननिगरानी संवाददाता**
**बागलुङ**

गत आर्थिक बर्षमा बागलुङमा प्राप्त भएको विकासे खर्च मध्येको ९० करोड १३ लाख ५४ हजार रुपियाँ बजेट फ्रिज भएको छ ।

नेपाल सरकारका संघीय तथा प्रादेशिक कार्यालयहरुले विकास निर्माणको क्षेत्रमा बजेत खर्च नगर्दा रकम फिर्ता भएको हो । गत आर्थिक बर्ष २०७८/०७९ मा कुल पुँजीगत खर्चको ७५ दशमलव २५ प्रतिशत रकम मात्रा खर्च भएको छ ।

विकास निर्माणको लागि प्राप्त भएको करिव २५ प्रतिशत रकम फ्रिज भएको कोष तथा लेखा नियन्त्रण कार्यालय बागलुङका कोष नियन्त्रक जब्बर बहादुर भण्डारीले जानकारी दिनुभयो । राज्यले विकास बजेटका लागि विनियोजन गरेको बजेट ढिलो गरी अख्तियारी आउने, रकमान्तरण

.............. बाँकी ६ पेजमा

सृष्टि इलेक्ट्रीक एण्ड मर्मत
जिपपार्क, बागलुङ



बिजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलिाई सम्झनुहोस् । साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ ।




प्रो. जीत बहादुर किसान
मो नं.: ९८६५३३५५७०, ९८१३००८४११
Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई सनुचाँदीका गहना किन्ने सोचमा हुनुहुन्छ ? त्यसो हो भने हामीलाई सम्झनुहोस्
शुभलक्ष्मी सुनचाँदी गहना पसल
बा.न.पा.-२, जिपपार्क, बागलुङ
हाम्रा सेवाहरु:



१) आधुनिक मेशिनको माध्यमद्वारा शुद्ध छापावाल सुनका गरगहना तयारी पाउनुका साथै अर्डर बमोजिम तैयार गरिन्छ।
२) बेरुवा बाला, रिङ्ग, औंठी आदि साङ्ग माला मेशिनद्वारा तैयार गरिन्छ ।
३) कम्प्युटर तौल गरी बिल सहित दिने र लिने गरिन्छ ।
४) अनुभवी कारीगढबाट पुरानो गहना देखि नयाँ गहनासम्म बनाउने गरिन्छ ।
५) सम्पूर्ण आधुनिक वा पुरानो गहना बिना रसायन बनाइन्छ । ६) पुरानो गहनाले नयाँ गहना साटफेर पनि गरिन्छ । ७) सुन चाँदी खरिद बिक्री पनि गरिन्छ ।
सम्पर्क: ०६८-५२२५५८/९८५७६२८८५८ प्रो: धना सुनार

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभएको छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभएको छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।



Subarashii Language Institute
हाम्रा विशेषताहरू: काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



✔ एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
✔ तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
✔ अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
✔ प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
✔ न्युन खर्चमा अप्लाई गरिने । ✔ अनुभवी प्रशिक्षक द्वारा अध्यापन गराईने ।
शुभरासी ल्याङगुयज ईन्सटिच्युट
धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००
तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अव हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्षः खिमबहादुर कार्की
सम्पादकः नविन शिशिर वि.क.
अतिथि सम्पादकः दिल शिरीष
सह-सम्पादकः अर्जुन कार्की
कार्यालयः काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालयः बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बरः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेलः Jananigrani.bgl@gmail.com
मुद्रणः नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# राज्य कोषको मनलाग्दी परिचालन

बागलुङ नगरपालिका बागलुङले चालु आर्थिक बर्ष २०७९/०८० को बजेट सार्वजनिक गर्दा नेपाली कांग्रेसको पार्टी कार्यालय निर्माण गर्न २५ लाख रुपियाँ विनियोजन गरेको छ । बागलुङ नगरपालिका-३ मा नेपाली कांग्रेस जिल्ला समिति बागलुङले विपी स्मृति भवनको नाममा पार्टी कार्यालय निर्माण थालेको छ । त्यही स्मृति भवनको नाममा नगरपालिकाले २० लाख र बागलुङ नगरपालिका-८ सिगानामा विपी स्मृति भवनको नाममा निर्मण हुने पार्टी कार्यालयलाई पाँच लाख विनियोजन गरेको छ । रातो कितावमा दुवै स्थानमा विपी स्मृति भवन भनेर योजना समावेश गरे पनि दुवै भवन नेपाली कांग्रेसका पार्टी कार्यालय हुन ।

कांग्रेस जिल्ला समितिमा निर्वाचित भए पछि सभापति जित सेरचनले चन्दा संकलन अभियान नै सञ्चालन गर्नुभएको छ । बानपा-३ नारायण चोकमा जग्गा खरिद गरेको छ । सहयोग संकलन अभियानबाट पार्टी कार्यालय निर्माण गर्न हालसम्म ५० लाख संकलन भैसकेको छ । सिगानामा पनि सहयोग संकलन गरी पार्टी कार्यालय निर्माण अघि बढेको छ ।

नगरपालिकाले पार्टी कार्यालय बनाउन शिर्षक परिवर्तन गरेर विपी स्मृति भवन नामाकरण गरी बजेट विनियोजन गरेको छ । जनताको करबाट संकलन भएको बजेट एउटा पार्टी कार्यालय निर्माणको लागि खर्च गर्न उचित होईन । बागलुङ नगरपालिकाले बालमैत्री नगरपालिका घोषण गर्ने अभियान सञ्चालन गरेको छ । त्यसको लागि आवश्यक पूर्वाधार निर्माणको काम गर्न धेरै बाँकी छन् । नगरपालिका नेतृत्व भने पार्टी कार्यालयमा पैसा विनियोजन गरेर गैरजिम्मेवार बन्दै छ । पार्टी कार्यालय निर्माणको लागि कांग्रेस नेता कार्यकर्ताबाट संकलन हुने चन्दा रकम नै प्रर्याप्त हुन्छ ।

पार्टी कार्यालय निर्माणको जिम्मेवारी पार्टी नेतृत्वको हो । नगरपालिकाको होईन । जसले जे काम गर्ने हो त्यसो गरिएन भने त्यसको दुसप्रभाव कालान्तरसम्म रही रहन्छ । नगरपालिकाको नेतृत्व गठबन्धनबाट विजयी बन्नु भएको हो । गठबन्धनमा पाँच राजनीतिक दल आबद्ध छन । ति सबै राजनीतिक दलले जिल्लादेखी वडा तहसम्म पार्टी कार्यालय निर्माणको लागि बजेटको माग गरे भने नगरपालिकाले दिन सक्छ ? पार्टी कार्यालयको पूर्वाधार निर्माणलाई प्राथमिकता दिने की गरिव विपन्नका छोरा छोरीले पढ्ने स्कुलमा चुहिने टिन फेर्ने ? यस तर्फ नगरपालिकाको नेतृत्वले समयमै सोच्नु र सच्चिनु अनिवार्य छ । बहुमतको घमण्डमा जनताका आवश्यकता र चाहनालाई कुल्चियो भने त्यसको असर दीर्घकालसम्म रहन्छ । राज्यको सम्पती मनलाग्दी परिचालन गर्ने प्रवृतिको अन्त्य गर्न हिउँदे अधिवेशनले पार्टी कार्यालय निर्माणको बजेट रकामान्तर गर्न आवश्यक छ ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः बसन्तकुमार श्रेष्ठ
उपप्रमुखः राजु खड्का

**जैमिनी नगरपालिका**
प्रमुखः नर बहादुर पुन
(९८६३०४१३५५)
उपप्रमुखः हरिहर शर्मा
(९८५११५७९९१)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे
(९८५७६४०७५१)
उपप्रमुखः फमलाल निउरे
(९८५७६४०७५२)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली
(९८५६०२६३३०)
उपप्रमुखः धन बहादुर कायत
(९८४३५१२७५८)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः राजु थापा
(९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**ताराखोला गाउँपालिका**
अध्यक्षः धन बहादुर बि.क
(९८५७६६६११२६)
उपाध्यक्षः भिम बहादुर रोका
(९८५७६६६११२७)


**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा
(९८५७६२२५५१)
उपाध्यक्षः दिलिप कुमार पुन
(९८५११७०४५८)

**बडिगाड गाउँपालिका**
अध्यक्षः गण्डकी थापा अधिकारी
(९८५७६६६०९९)
उपाध्यक्षः भिमसेन वन
(९८५७६६६१००)

**निसीखोला गाउँपालिका**
अध्यक्षः सुर्य बहादुर घर्ति
(९८४६८३११११)
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर
(९८५७६२८३११)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा
(९८५७६२१२१९)
उपाध्यक्षः हिरा कुमारी छन्त्याल
(९८६७६४३७९९)

# नेताहरु किन गर्न मान्दैनन् आत्मालोचना ?




केही दिनअघि एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभागले सम्पादकहरुसँग अध्यक्ष केपी ओलीको अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा राजनैतिक दल र नेताहरुको कमजोरीको कारण जनतामा पार्टीप्रति बितृष्णा बढेको र त्यसमा आफनो पार्टी एमाले पनि पर्ने तथ्य स्वीकार गर्नुभएको थियो । यसमा अझ स्पष्ट पार्दै नेपाल कम्युनिष्ट पार्टीलाई विशाल र एकीकृत बनाउने सफलता हासिल गर्दागर्दै पनि त्यो एकता जोगाउन नसकेको म स्वीकार गर्छु भन्नेसम्मको आत्मालोचना गर्नुभएको थियो । यसलाई अहिले यत्रतत्र सर्वत्र चर्चा प्रशंसा गरेको सुनिन्छ । यो आफैमा देशको निम्ति सकारात्मक सूचक पनि हो ।

विचार जति परिस्कृत हुन्छ, उति नै परिवर्तन हुन्छ । सोच जति फराकिलो हुन्छ, उति नै प्रगति हुन्छ । यो प्राकृतिक नियम हो र वैज्ञानिक पनि । तर, नेपालको सन्दर्भमा जति धेरै राजनैतिक परिवर्तन भए, उति नै विचार अस्वीकृत बन्दै जाने र जति जति राजनीतिले उत्कर्ष हासिल गर्दै गयो, उति उति नै सोच, चिन्तन साँघुरिँदै जान थालेको देखिँदैछ ।

वास्तवमा जबसम्म नेतृत्वले आलोचना सहन गर्ने साहस बटुल्दैन र आत्मालोचित हुने संस्कार अंगीकार गर्र्दैन तबसम्म जति नै समृद्ध नेपालको नारा उराले पनि त्यसले पूर्णता पाउँदैन । आजसम्म नफिरेको चेत बोकेर अब कहिलेसम्म हिँडिरहने हो ? भन्ने जनजनले प्रश्न गर्न थालेका छन् । जनताले माफी दिँदा पनि आरोपित या अभियुक्तले आत्मालोचना नगर्ने र दुर्व्यवहार दोहोर्‍याउने अवस्थामा उनीहरुलाई कसरी जवाफदेही बनाउने भन्ने चिन्ता र चिन्तन लिनु जरुरी भइसकेको छ ।

मुलुकको भाग्य र भविष्यको ग्यारेन्टी गरेर हिँडेका दल र तिनका नेताको आचरण र व्यवहारले कति जनताको मन रोइरहेको र खिन्न भएको होला ? अनि त्यससँगै आफ्नो आलोचना सहन नसकेर बस्ने नेताको अवस्थाले दललाई कहाँ पुर्‍याउला ? सबैले सोच्ने र मनन गर्ने वेला आइसकेको छ । जब आफ्नै नेतृत्वको आलोचना गर्न पुग्छौं तब हामीले आलोचनामात्र गरिरहेका हुनेछौं । आफूले आत्मालोचना गर्ने साहस भने गरिरहेका हुनेछैनौं । यसको हेक्का राखेका छैनौं । सबै नेता कार्यकर्तामा आलोचना सुन्ने र त्यसबाट पाठ सिक्ने अनि अगाडि बढ्ने चेत हराउन थालेको छ ।

आत्मालोचनाको त कुरै छोडौं, आजसम्म ‘मबाट यस्तो गल्ती भयो’ भनेर सुन्न नपाएको धेरै भइसक्यो । अरुलाई होच्याएर आफू अग्लिन सकिन्छ अथवा अरुलाई हिलो छ्यापेरमात्र आफू सफा हुन सकिन्छ भन्ने चिन्तनले ग्रस्त देखिँदैछ । वास्तवमा आलोचना गर्ने स्वयं पनि दूधले नुहाएको भने हुँदैन । तर, उनले आत्मालोचना गर्ने साहस देखाएको पाइँदैन । यसले गर्दा आज दलहरुका आन्तरिक जीवन अलोकतान्त्रिक र दलदलमा फसिरहेको देखिन्छ । एउटा विश्वव्यापी मान्यता के हो भने आत्मालोचना गर्ने अभ्यास जहाँ हुन्न, त्यहाँ सुधारको सम्भावना पनि रहन्न र जहाँ आफ्ना कमजोरी स्वीकारिन्छ, त्यहाँ सुधारको सम्भावना सृजना हुन्छ । बहुदलीय लोकतान्त्रिक व्यवस्थाको आधारभूत विशेषताहरु भनेका दलीय पहिचान र प्रतिस्पर्धा, संसदीय सर्वोच्चता, शक्ति पृथकीकरण, पारदर्शिता, जवाफदेही अनि संवैधानिक निकायहरुको स्वतन्त्रता र स्थिरता नै हुन् ।

दलीय व्यवस्थामा दलीय प्रणाली र अनुशासन दलहरुको सही सञ्चालनका आधारभूत मेरुदण्ड हुन् । दलीय सवलता र अनुशासनविना राजनैतिक स्थिरता प्राप्त हुन सक्तैन । यसै मान्यतालाई अंगीकार गर्दै दल विभाजनसम्बन्धी व्यवस्थालाई कसिलो बनाइने गरिन्छ र हाम्रो पनि त्यही हो । तर, आज दर्शन, विचार र कार्यक्रम नै नमिल्ने दलहरुको बीचमा भएको गठबन्धनमार्फत निर्वाचनमा जाने परिपाटीले दलीय पहिचान धूलीसात भएको छ ।

दल विभाजनसम्बन्धी व्यवस्थामा संसदीय दल र पार्टी कार्य समिति सदस्यको ४० प्रतिशत राख्दा प्रतिपक्षमा रहँदा विरोध गर्ने दल सत्तापक्ष भएपछि संसदीय वा कार्यसमितिको २० प्रतिशत भए पुग्ने अध्यादेश ल्याउने र पार्टी विभाजनलाई सहज बनाइदिने कार्य कुन नैतिकताको आधारमा भयो ? आफ्नै दलविपरीत गतिविधि गरेका कारण कारबाही र सांसदबाट हटाइएको सूचना जारी गरेका सांसदहरुलाई सभामुखबाट नै संरक्षण गर्दै सांसदहरुमाथिको दलीय नियन्त्रणलाई कमजोर बनाउने काम के लोकतान्त्रिक मूल्य-मान्यता अनुकूल थियो ? मन्त्रीहरुको फेरबदल देशका लागि कि दलगत सुविधाको लागि गरिने हो ? ४/४ महिनामा फेरिने मन्त्रीले देशको लागि के गर्न सक्लान् ? जबकि मन्त्रालयको व्यवस्थापन पक्षको अध्ययन गर्दा नै ४/५ महिना समय सकिन्छ । अनि केको लागि मन्त्री फेरबदल ? यस प्रवृत्तिलाई देशको ढुकुटीमा दलीय रजाइँ भन्न सकिँदैन ?

प्रदेशतिर झ्यालैपिच्छे मन्त्रालय खडा गरेर अनावश्यक भार थोपरिएको छ । केपी ओलीको पालामा अन्य मन्त्रालय मातहतका निकायलाई प्रधानमन्त्री कार्यालय मातहत पारी निरंकुश बन्न खोज्यो भन्ने पार्टी र सांसदहरु अहिले आफ्नो पार्टीले सरकार चलाउँदा पनि सोही कार्यान्वयन भइरहेको अवस्थामा किन एक शब्द बोल्न सक्तैनन् ? यसमा सांसद पद जस्तो गरिमामय ओहोदामा रहनेले एउटै विषयमा दुईजिब्रे दृष्टिकोण या दोहोरो मापदण्ड राखेको देखिएन ? यसमा जवाफ दिनुपर्दैन ? आत्मालोचित हुनुपर्दैन ? संसदका काम कारबाहीप्रति प्रमुख प्रतिपक्षी दल विरोध गर्दछ । तर, सभामुख पेलेर काम कारबाही अघि बढाउँछन् । प्रधानमन्त्रीका आसेपासेलाई फाइदा हुने गरी विदेशी नागरिक र दलालहरुलाई मध्यरातमा बजेट र कर प्रणाली संशोधन गर्न साँचो-ताला दिन्छन् । अनि व्यापक जनविरोधपछि बनेको छानबिन समितिलाई अर्थमन्त्रालय सीसीटीभी फुटेज दिन चाहँदैन । सम्मानित न्यायालयलाई महाअभियोगको हुर्मत लिएर त्रसित बनाएको अवस्था छ । यसरी राज्यका निकायहरुलाई धम्क्याउने, त्रसित बनाउने गरेको सरकारबाट जनताले कसरी सुशासनको अपेक्षा गर्ने ?

यी भए-गरेका गतिविधिहरुबारे सरकारका सञ्चालक, गठबन्धनका नेताहरु सबैलाई उनीहरु जे गरिरहेका छन्, गलत गरिरहेका छन् भन्ने प्रस्ट थाहा छ । त्यसैले उनीहरु आफ्ना कामहरुमा भोलि संवैधानिक निकायहरुबाट प्रश्न आउनसक्छ भनेर महाअभियोगको क्षेप्यास्त्र जस्तै संवैधानिक परिषदसम्बन्धी अध्यादेश धम्कीको रुपमा ल्याएको बुझिन्छ । यसरी पछिल्लो समय नेपाली समाजमा विकसित दृश्यहरुले सुशासन र सुसंस्कृत समाजका सीमारेखाहरु क्रमशः भत्किँदै गइरहेका देखिन्छन् । निर्णायक तहमा रहेकाहरुले नै यसरी बाटो बिराएपछि परिणाम कस्तो आउला ?

आज हरेक क्षेत्र जर्जर अवस्थामा पुगेको छ । महंगी, कालोबजारी, व्यापार घाटा, विदेशी मुद्राको सञ्चितीमा कमी, परनिर्भरता आदिले देश टाटपल्टिने अवस्थामा पुग्न लागेको अर्थविद्हरु बताउँछन् । तर, सरकार त्यो अवस्था नेपालमा आउँदैन भनिरहेका छन् । कसको कुरा पत्याउने ? यस्तो अवस्था किन आयो ? कसको कारणले आयो ? यी आज हरेक चिया, चौतारी, होटेलमा उठ्ने प्रश्न हुन् । यस विषयमा जनतालाई देशको वास्तविक अवस्था के हो भन्ने

............. बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

**मेषः** बोलीको प्रभाव बढ्दै जानेछ । नयाँ कार्यको योजना बन्ने र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**बृषः** धैर्य एवं लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । प्रेम जीवन र दाम्पत्य जीवनमा मधुरता छाउनेछ ।

**मिथुनः** यात्रामा मालसामान हराउन सक्छ । पुरानो र बिर्सिसकेको साथीसँग भेट हुने सम्भावना छ ।

**कर्कटः** स्वादिष्ट भोजनको आनन्द समेत पाइनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ ।

**सिंहः** अरुलाई प्रभावित पारेर काम बनाउन सकिनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

**कन्याः** घरमा अतिथिको आगमन हुनेछ । बौद्धिक कार्यमा सफलता मिल्नेछ । अनावश्यक ठाउँमा धन खर्च होला ।

**तुलाः** बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । मन खिन्न हुने स्थिति आउनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् ।

**वृश्चिकः** पारिवारिक जीवन सन्तोषप्रद रहनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् ।

**धनुः** शुभकार्यको चर्चा पनि चल्नेछ । शेयर बजारबाट पनि फाइदा हुनेछ । लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ ।

**मकरः** मनमा उत्साहका साथै बोली बिक्ने समय छ । आस मारिसकेको काम बन्नेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**कुम्भः** धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । सानातिना बाधा आइलागे पनि आफ्नो काम रोकिने छैन ।

**मीनः** मानको डर हराएर जानेछ । रमणीय र सुखद् यात्राको योग छ । घर परिवारमा धार्मिक कृत्यको योग छ ।

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि

## पुनको परिवारलाई राहत वितरण



**जननिगरानी संवाददाता**
**बागलुङ**

काठेखोला गाउँपालिकाले गत असार १४ गते चट्याङ लागि ज्यान गुमाएकी काठेखोला गाउँपालिका वडा नम्बर ४ तंग्राम निवासी सुस्मिता पुनको परिवारलाई राहत वितरण गरेको छ ।

पुनको परिवारलाई संघीय सरकारले दुई लाख, गण्डकी प्रदेश सरकारले ५० हजार तथा काठेखोला गाउँपालिकाले ५० हजार गरि तीन लाख रकम उपलब्ध गराइएको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेल, काठेखोला गाउपालिका अध्यक्ष राजु थापा लगायतको टोलीले पुनकै निवासमा पुगेर उहाको परिवारलाई रकम वितरण गरिएको हो ।



मध्यपहाडी लोकमार्ग बागलुङ-अक्षेते खण्ड अन्तरगत काठेखोला गाउँपालिका-१ खहरेको हिलाम्मे सडक । सडक हिलाम्य हुँदा लोकमार्गलगायत अन्य ग्रामीण सडकमा सर्वसाधारण कष्टकर यात्रा गर्न बाध्य भएका छन् । -तस्विर: खिम बहादुर कार्की

## सडक मर्मत र विद्यालय शैक्षिक सुधारमा सहयोग गर्दै विदेशी स्वयंसेवक



**जननिगरानी संवाददाता**
**बागलुङ**

काठेखोला गाउँपालिका वडा नम्बर २ भीमापोखरामा बाढी पहिरोबाट क्षतीग्रस्त सडकको मर्मत, सामुदायिक महिला कार्यक्रम निर्माण र विद्यालय शैक्षिक सुधार तथा शिक्षणमा विदेशी तथा नेपालीले स्वयंसेवकहरुले सहयोग गरिरहेका छन् ।

पिएसडि नेपालको सहयोगमा बेलायतबाट आएका ४ जना स्वंसेवाकहरुले भीमापोखरामा १ महिनासम्म बसेर स्थानीयहरुसँगै सहयोग गर्ने काठेखोला-२ भीमापोखराका वडा अध्यक्ष विद्यापति शर्माले बताउनुभयो । स्वयंसेवाकहरुलाई सोमबार एक कार्यक्रम गरि स्वागत गरिएको थियो ।

स्वंसेवकहरुले १ महिनाको अवधिमा करिव ३ लाख बराबरको सामुदायिक विकास निर्माणका कामहरु गर्ने वडा अध्यक्ष शर्माले बताउनुभयो । उहाँले स्वयंसेवकहरुले बाढी महिलोबाट क्षतिग्रस्त सडकको मर्मत गर्नुका साथै सामुदायिक महिला कार्यक्रम निर्माण गर्ने, विद्यालयमा शैक्षिक सुधार गर्नको लागि शिक्षण गर्ने बताउनुभयो । विदेशी स्वयंसेवकहरुलाई स्थानीयहरुले सहयोग गर्ने वडा सदस्य सुरेश थापाले जानकारी दिनुभयो ।

वडा अध्यक्ष विद्यापति शर्माको अध्यक्षतामा सम्पन्न भएको स्वागत कार्यक्रमको संचालन स्थानीय हरिकमल प्राथमिक विद्यालयका प्रधानाध्यापक होमनाथ गौतम र स्वागत तथा कार्यक्रमको बारेमा जानकारी वडा सदस्य सुरेश थापाले गर्नुभएको थियो । स्वागत कार्यक्रममा जनप्रतिनिधि, स्थानिय समुदायका सामाजिक व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

### काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

**वडाअध्यक्षहरु**

अध्यक्षः राजु थापा
(९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**प्रमुख प्रशासकीय अधिकृत**

चुर्ण बहादुर कार्की
(९८५७६२०६९४)

**कार्यपालिका सदस्य**

टिकासंगम विक
(९८५७६७७००९)
सुन्तली विक
गीतदेवी विक
देवी थापा मगर
पूर्ण माया सुनार
भुमादेवी पुन

**वडाअध्यक्षहरु**

**वडा नम्बर १**
अध्यक्षः खड्कबहादुर थापा
(९८५७६७७००१)
**वडा नम्बर २**
अध्यक्षः विद्यापति शर्मा
(९८५७६७७००२)
**वडा नम्बर ३**
अध्यक्षः कुल बहादुर विक
(९८५७६७७००३)
**वडा नम्बर ४**
अध्यक्षः लक्ष्मण पुन
(९८५७६७७००४)
**वडा नम्बर ५**
अध्यक्षः ज्ञामनाथ कंडेल
(९८५७६७७००५)
**वडा नम्बर ६**
अध्यक्षः बृहस्पती कंडेल
(९८५७६७७००६)
**वडा नम्बर ७**
अध्यक्षः प्रेम लामिछाने
(९८५७६७७००७)
**वडा नम्बर ८**
अध्यक्षः प्रमानन्द कंडेल
(९८५७६७७००८)

### काठेखोला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

**सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र नवीकरण तथा दर्ता सम्बन्धी सूचना !**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको चलानी नं. ९ मिति २०७९/०४/०१ को पत्रानुसार सामाजिक सुरक्षा ऐन २०७५ मा संशोधन गरी ६८ वर्ष उमेर पुरा भएका नेपाली नागरिकहरूलाई जेष्ठ नागरिक भत्ता उपलब्ध गराउने व्यवस्था भएकोले सोही बमोजिम ६८ वर्ष पुरा गरेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न इच्छुक नेपाली नागरिकले आफ्नो स्थाई बसोबास भएको वडा कार्यालयमा स्वयम उपस्थित भई निवेदन दिनुहुन, साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले यस आ.व. को कार्तिक मसान्त भित्र नवीकरण गरी सक्नु पर्ने व्यवस्था भएता पनि पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता असोज महिनामा नै वितरण गरी सक्नु पर्ने भएकोले आ.व. २०७९/८० को पहिलो त्रैमासिक भत्ता प्राप्त गर्नको लागि २०७९ श्रावण मसान्त भित्रै नवीकरण गर्नको लागी लाभग्राही स्वंयम वडा कार्यालयमा उपस्थित भई निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरू:-**

१. सक्कल नागरिकताको साथमा १ प्रति नागरिकताको प्रतिलिपि,
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति
३. अपाङ्गता भएकाको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
५. विधवाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि तथा अर्को विवाह नभएको प्रमाणित कागजात,
६. एकल महिला (६० वर्ष माथी)को हकमा एकल रहेको प्रमाणित कागजात,

**नोट: भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको आफ्नो स्थाई बसोबासको सम्बन्धीत वडा कार्यालयमा गई नवीकरण गर्नुपर्ने छ । साथै, नवीकरण नगरेमा प्रणालीबाट नाम हट्ने छ र भत्ता प्राप्त नहुने व्यहोरा अनुरोध छ ।**

पुस्तक समिक्षाः

# ‘गोदान’मा कोरिएको व्यङ्ग्य र खोजिएको परिष्कार



टङ्कप्रसाद पन्थ

**विषयप्रवेषः**

साहित्यकार विनोद नेपाल बाहिरबाट हेर्दा अन्तर्मुखी स्वभावका व्यक्ति लाग्छन् । तर निकटबाट साक्षात्कार गर्दा सरल, मृदुभाषी र मुखरित हुन मन पराउने प्रकृतिका अनुभूत हुन्छन् । लामो समयसम्म बैंकिङ क्षेत्रमा संलग्न रहेका नेपाल विद्यार्थी कालदेखि नै सक्रिय रूपमा साहित्य क्षेत्रमा लागेका व्यक्ति हुन् । त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा अध्ययन गर्दादेखि नै यिनले साहित्यमा कलम चलाएको चर्चा पाइन्छ । २०४० सालपूर्व नै कविता, लघुकथा, निबन्ध आदि विधामा कलम चलाएको र २०४० सालदेखि राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा यिनका रचनाहरू प्रकाशित प्रसारित भएको पाइन्छ । कृति प्रकाशनको सिलसिला भने २०७६ सालमा आएर सुरु भएको पाइन्छ । यिनका देश र विदेश नियात्रासङ्ग्रह (२०७६), गोदान लघुकथासङ्ग्रह (२०७७), हल्लैहल्लाको देश कवितासङ्ग्रह (२०७८) कृतिहरू प्रकाशनमा आएका छन् । साइनो, छेस्का लगायतका विधामा संयुक्त सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ । राष्ट्रिय पत्रपत्रिकाहरूमा दर्जनौँ फुटकर लेखहरू पनि प्रकाशित भएको देख्न सकिन्छ । माथि उल्लेखित तीनवटा कृतिहरू फरक फरक विधामा केन्द्रित भई सिर्जना गरिएको पाइन्छ ।

पछिल्लो समयमा पूर्णकालीन रूपमा नेपाली साहित्यको साधनामा लागेका नेपालको कलम उत्तरोत्तर सशक्त बन्दै गएको देख्न सकिन्छ । कविताको सूक्ष्म प्रयोग छेस्का कविताको प्रवर्तन गरी स्रष्टाहरूलाई यसको साधनामा गोल्याएर हिँडाउने कार्यमा पनि नेपालको अहं भूमिका रहेको पाइन्छ । साइनो, बाछिटा, मुक्तक लगायतका विधामा पनि यिनको कलम निरन्तर रूपमा चलेको छ । समकालीन विषयमा केन्द्रित रही विश्लेषणात्मक लेखहरू पनि लेख्ने गरेको पाइन्छ । प्रस्तुत लेखमा साहित्यकार विनोद नेपालको गोदान लघुकथासङ्ग्रहमाथि छोटो समीक्षात्मक टिप्पणी गर्ने काम गरिएको छ ।

**गोदान परिचय र प्रवृत्तिः**

अहिले साहित्यको बजारमा लघु आयामका रचनातर्फ पाठकको रुचि बढ्दै गएको पाइन्छ । छोटो संरचनामा निर्मित हुनु, विषयलाई तत्क्षण रूपमा उठाई सन्देशको झिल्का प्रवाहित गर्नु, छोटो समयमै पढेर आस्वादन गर्न पाइनुजस्ता कुराले यस्ता प्रकृतिका रचनाहरू पाठकका रोजाइमा परेको पाइन्छ । त्यसैले पनि पछिल्लो समयमा लामा प्रकृतिका रचनातर्फ भन्दा लघु आयामका रचनातर्फ स्रष्टाहरूको पनि मोह बढ्न गएको पाइन्छ । लघुकथा आयामका हिसाबले सामान्यतः तीन सय शब्दभित्रमा निर्मित हुनुपर्ने मान्यता रहेको छ । यसमा आउने कथानक, पात्र, परिवेशजस्ता कुराहरू पनि सोही आधारमा सघन अनि संक्षिप्त रूपमा आएका हुन्छन् । लघु रूपको विन्यास, वेगशाली प्रस्तुति, सूत्रात्मक शैली, आरम्भ, विकास र चरमोत्कर्षको तीव्रता, विद्युतीय झड्काको अनुभूति, भावकमा सन्देशको सञ्चार आदि जस्ता कुराहरू लघुकथाका लागि आवश्यक मानिन्छन् । खास विषयलाई तत्क्षणमै उठाई उत्कर्षमा पुगेर टुङ्गिने हुनाले तत्कालै पाठकका मस्तिष्कमा छाप छाड्न सक्ने क्षमता यसमा हुन्छ । यस्ता विशेषताले गर्दा नै लघुकथा आज लोकप्रिय बनेको कुरा स्वीकार्न सकिन्छ ।

साहित्यकार विनोद नेपालको गोदान (२०७७) लाई नेपाली लघुकथाको शृङ्खलामा एउटा महत्त्वपूर्ण कडीका रूपमा देख्न सकिन्छ । कुल छपन्नवटा लघुकथाहरू यस सङ्ग्रहमा समेटिन आएका छन् । यस पुस्तकको भूमिका खण्डमा जम्मा उन्नाइस पृष्ठ खर्चिएको छ । यस सङ्ग्रहका कुल छपन्नवटा कथामध्ये बयालीसवटा कथाहरू एकएक पृष्ठमा र चौधवटा कथाहरू दुईदुई पृष्ठमा संरचित रहेको पाइन्छ । कथाको मूल भागले सत्तरी पृष्ठ ओगटेको पाइन्छ । पकेट साइजको आकारमा निर्मित पुस्तकमा एक पृष्ठमा निर्मित कथाको सङ्ख्या अधिक रहेकाले लघुकथाको संरचनागत आयामप्रति कथाकार सचेत रहेको पाइन्छ । कथाको अन्तिम क्रममा रहेको ‘गोदान’ शीर्षकको कथालाई छनोट गरी सिङ्गो कृतिको शीर्षक चयन गरिएको पाइन्छ ।


साहित्यकार विधान आचार्यको गहन भूमिका लेखनमा विषयको विभाजन र मुख्य पात्रको चरित्रलाई सूक्ष्म रूपमा केलाउने काम गरिएको छ । दीपक लोहनीको छोटो समीक्षात्मक लेखमा कथाकारसँगको सम्बन्ध, कथाहरूको रचना समय तथा प्रवृत्तिगत वैशिष्ट्यलाई झल्काउने काम गरिएको छ । आवरण पृष्ठको साजसज्जा अनि कागजको गुणस्तर आदि पक्ष पनि आकर्षक रहेको पाइन्छ । हाम्रै सेरोफेरोमा रहेका विषय, घटना, पात्र र तिनका मनोवृत्ति, परिवेश आदि कुरालाई कथागर्भका रूपमा चयन गरिएको छ । कुनै कुनै कथामा प्रस्तुतिको ज्यादा हतारो देखिन्छ भने कुनै कथामा आख्यान तत्त्व शिथिल भई निजात्मक धर्म प्रभावशाली बन्न गएको अवस्था पनि देख्न सकिन्छ । कृतिभित्रका समग्र कथाहरू पठनीय, मननीय र अनुकरणीय रहेको पाइन्छ ।

**विषयगत विन्यासः**

प्रस्तुत कथासङ्ग्रहमा विविध प्रकृतिका विषय तथा पात्र र तिनका प्रवृत्तिलाई प्रकाशमा ल्याउने काम गरिएको छ । रानजीतिक, सामाजिक, पारिवारिक तथा सांस्कृतिक क्षेत्रबाट विषयको चयन गरी तत्तत् क्षेत्रमा रहेका यथार्थ अवस्थालाई सतहमा ल्याउने काम यहाँ गरिएको छ । लेखकले आफू बाँचेको समाजलाई मिहिन रूपमा छामेको पाइन्छ । हाम्रा परम्परागत संस्कार, मूल्यमान्यता, धर्म, आचरण, विश्वास, अन्धविश्वास समय चेतना, स्वतन्त्रताको दुरुपयोग आदि कुरालाई विषयको रूपमा चयन गरिएको छ । हाम्रो राष्ट्रिय परिवेश, नेता र नेतृत्वको प्रवृत्ति, स्वार्थ प्रेरित चिन्तनका साथमा अकर्मण्य बन्दै गएको हाम्रो वर्तमान अवस्थालाई विषयका रूपमा समेटिएको देख्न सकिन्छ । पुस्तान्तरणले ल्याएको समस्या अनि मानिसका छुद्र व्यवहार र मान्यतालाई यहाँ झल्काइएको छ । गाउँ र सहरको भिन्नता, दम्पतीका बीचमा हुने ठाकठुक आदिलाई पनि विषयवस्तुका रूपमा चयन गरिएको छ ।

**चरित्रचित्रणः**

यस कथासङ्ग्रहमा विविध प्रकृतिका चरित्रलाई उपस्थित गराइएको छ । पात्रहरूको नामकरणलाई हेर्दा सामान्य रूपमा तोकिने ऊ, उनी, लोग्ने, स्वास्नी, छोरा, छोरी, नेता लगायतका नामधारी पात्रहरू उपस्थित भएको पाइन्छ । अधिक रूपमा ऊ पात्रलाई नै उपस्थित गराइएको देखिन्छ । पात्रहरूले प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्दा प्रथम पुरुषका रूपमा उपस्थित भएको देख्न सकिन्छ । राजनीतिक क्षेत्रमा रहेका नेता तथा तिनका कार्यकर्ताका बोली व्यवहार र चिन्तनलाई पनि यहाँ अवतरण गराइएको छ । पारिवारिक जीवनका समस्यामा केन्द्रित हुँदा श्रीमान्, श्रीमती, छोरा, छोरी, बुहारी आदिको उपस्थिति पनि पाउन सकिन्छ । पुस्तान्तरणको प्रभाव पात्रका बोली, व्यवहार, चालचलन, मनोवृत्ति आदिमा देख्न सकिन्छ । लोग्ने र स्वास्नीबीचको सम्बन्ध, विश्वासका साथै क्रमशः सिर्जना हुने समस्यालाई पनि कथामा चित्रण गरिएको छ । प्रायः दुई वा तीन पात्रको चयन गरी विचारलाई प्रवाहित गर्ने काम यहाँ भएको छ । पात्रका व्यवहार र मान्यताद्वारा लेखकीय उद्देश्यलाई अवतरण गराइएको पाइन्छ । यहाँ उपस्थित पात्रहरू आआफ्नो क्षेत्र र भूमिकामा जीवन्त रूपमा उपस्थित भएको पाइन्छ । पात्रका आफ्नै बोली र व्यवहारबाट उनीहरूको वास्तविकतालाई बाहिर ल्याउने काम गरिएको छ ।




**परिवेश चयनः**

लघुकथामा परिवेशको स्थूल चित्रण नभई सघन परिवेश चित्रणलाई अनुकूल मानिन्छ । यस कुरामा कथाकार विनोद नेपाल परिवेश चयनप्रति सचेत रहेको देखिन्छ । यहाँ घर, कोठा, टोल, छिमेक, बजार, भान्सा, बिस्तारा, विवाह, पूजा, स्वस्थानी व्रत, गाडी, बाटो, मन्दिर, चोक, अस्पताल, आँगन, सामाजिक सञ्जाल आदि स्थानहरू परिवेशगत झलकका रूपमा आएको देख्न सकिन्छ । मौसम तथा वातावरणीय प्रभावका साथमा प्रकृतिको चित्रण पनि आएको देख्न सकिन्छ । कुनै कथामा अमूर्त परिवेश चित्रणको अवस्था पनि भेट्न सकिन्छ । छोटो सीमाभित्र बाँधिनुपर्ने हुनाले पनि ठाउँ ठाउँमा परिवेश सूच्य रूपमा आएको अवस्था देखिन्छ ।

**सामाजिक यथार्थको प्रस्तुतिः**

कथाकार विनोद नेपालको यस कथासङ्ग्रहका कथाहरूमा वर्तमान नेपाली समाजको यथार्थ बिम्ब अङ्कित भएको पाइन्छ । समाजमा व्याप्त विभेद र गरिबीको अवस्थालाई धेरैजसो कथामा उठाएको छ । गरिब तथा लक्षितहरूका लागि तोकिएको सुविधा पनि टाठाबाठाहरूले खाइदिने प्रवृत्तिलाई यहाँ संवेदनशी रूपमा उठान गरिएको छ । मानिसको जीवनमा उमेरअनुसार आउने परिवर्तनलाई पनि सजीव रूपमा प्रकाश पारिएको छ । मानिसभित्रको ढोंगी आचरणलाई स्पष्ट रूपमा बाहिर ल्याउने काम पनि यहाँ गरिएको छ । साझा हित र जनताको सेवामा खटिनुको सट्टा व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेको नेतृत्व वर्गको वास्तविक चरित्रलाई यहाँ उजागर गराइएको छ । शासकहरूमा देखिने रवैया पनि केही कथामा पाउन सकिन्छ । प्रस्तुत सङ्ग्रहका कथाहरूमा हाम्रो सामाजिक जीवनको शल्यक्रिया गर्ने काम गरिएको पाइन्छ । समयक्रममा आएको सामाजिक अनि सांस्कृतिक परिवर्तन अनि वैदेशिक रोजगारीले सिर्जना गरेको समस्यालाई सघन रूपमा चित्रण गरिएको छ । मानिसमा कथनी एउटा कुरा अनि करणी अर्कै कुरा हुनुको विडम्बनालाई पनि यहाँ दृष्टान्तसहित अवतरण गराइएको छ । सहरिया जीवनमा हुर्किएको अहङ्कार अनि अमानवीय प्रवृत्तिलाई यहाँ झल्काइएको छ । सहरमा घरहरू ठुला हुने तर ती ठुला घरभित्र बस्ने मानिसहरूमा मानवता र कल्याणको भावना नरहेको यथार्थलाई प्रकाश पारिएको छ । समानता र सहिष्णुताप्रतिको लेखकीय आग्रह यहाँ पनि यहाँ व्यक्त भएको पाइन्छ ।

**मनोविश्लेषणः**

विनोद नेपालका कथाहरूमा मानिसको मनलाई राम्ररी छाम्ने काम गरिएको पाइन्छ । मानिसका बोलीचाली, व्यवहार, चाहना, घातप्रतिघात र मान्यतालाई उद्घाटित गराउँदा पात्रहरूको मनोवृत्तिको विश्लेषण हुन पुगेको देखिन्छ । मानिस बाहिर आदर्शका कुरा गर्ने तर वास्तविक जीवनमा नीच र छुद्र प्रवृत्ति देखाउँछ भन्ने कुराको दृष्टान्त यी कथामा पाइन्छ । यहाँ उपस्थित भएका धेरैजसो पात्रहरू रूपमा एउटा तर भित्री व्यवहारमा भिन्नै रहेको सन्दर्भबाट उनीहरूको मनोवृत्ति र नियतलाई अवतरण गराउने काम गरिएको छ । कोही खानदानका आडमा, कोही नेतृत्वका आडमा, कोही धर्म र संस्कृतिका रुझानमा रूढ, आग्रही र परपीडक मनोग्रन्थिका पात्रहरू रहेको कुरा कथाहरू पढ्दै जाँदा साक्षात्कार गर्न सकिन्छ । परम्परा र संस्कृतिबाट ग्रसित मानसिकताको विश्लेषण पनि स्वाभाविक रूपमा गरिएको पाइन्छ । जो व्यक्तिले कुनै कुराको बढी मात्रामा निन्दोचर्चो गर्छ ऊ पछि त्यही क्षेत्रमा लिप्त भएर लाग्छ भन्ने कुरा पनि दृष्टान्तसहित प्रस्तुत गरिएको छ । पात्रको मानसिकताका आधारमा उसका व्यवहारलाई केलाउने काम गरिएकाले यहाँ मनोविश्लेषण पक्ष पनि प्रभावशाली रूपमा आएको पाइन्छ ।

**परम्परा र संस्कृतिको प्रभावः**

यस सङ्ग्रहका धेरैजसो कथामा मानिसमा परम्परा र संस्कृतिको गहिरो छाप पर्दछ भन्ने कुरालाई झल्काइएको छ । मानिस सैद्धान्तिक रूपमा क्रान्तिकारी र अग्रगामी देखिए पनि कालान्तरमा परम्पराबाट मुक्त हुन नसेको सन्दर्भलाई यहाँ राम्ररी विश्लेषण गरिएको छ । मानिसले अधिकार र आदर्शका कुरा गर्ने तर आफ्नो आचरणमा सुधार ल्याउन नसक्नुको कडीका रूपमा परम्परा र संस्कृतिको प्रभावलाई सङ्केत गरिएको छ । स्वस्थानी कथामा महिलाहरूको अपमान गरिएको छ, त्यस्ता पुस्तकहरू जलाउनुपर्छ भनेर मञ्चहरूमा भाषण गर्ने तर घरमा गएर स्वस्थानीको कथा सुन्ने सुनाउने प्रवृत्तिलाई यहाँ रोचक रूपमा प्रस्तुत गरिएको छ । हिँजो युवा अवस्थामा मन्दिर भत्काउनेहरू उमेर बढ्दै गएसँगै मन्दिर धाउने गरेको दृष्टान्तका साथमा मानिसको सक्कली रूपलाई प्रकाशमा ल्याउने काम गरिएको छ । हाम्रा आचरण र व्यवहारहरू संस्कृति सापेक्ष रहेको कुरा यहाँ प्रस्तुत गरिएको छ । पुरानो पुस्ताको मानसिकतामा सांस्कृतिक रुझान रहेको यथार्थ पनि कथाहरूमा भेट्न सकिन्छ ।

परिवर्तित समयले निम्त्याएको समस्याः

यस सङ्ग्रहका धेरैजसो कथामा परिवर्तित समयले लादेका अवशेषको चित्र उतारिएको पाइन्छ । समयको परिवर्तनसँगै मानिसका स्वभाव, चिन्तन र मान्यताहरू बदलिँदै गएको अवस्थालाई यहाँ झल्काइएको छ । वर्तमान नेपाली समाजमा टड्कारो समस्याका रूपमा रहेको वैदेशिक रोजगारीले थोपरेको परिणामलाई पनि कथामा झल्काइएको छ । पारिवारिक विघटनको स्थिति भोग्न विवश नेपाली समाजको पीडालाई मार्मिक रूपमा चित्रण गरिएको छ । बृद्ध बाबुआमालाई घरकुरुवाका रूपमा राखेर विदेशमै रमाउने सन्ततिको सक्कली नियतलाई यहाँ उतारिएको छ । नेपालको समग्र राष्ट्रिय जीवनमा समस्याका रूपमा रहेको वैदेशिक रोजगारीको पक्षलाई यहाँ उल्लेख गरिएको छ । गणतान्त्रिक नेपालमा भित्रिएका विकृति र विसङ्गतिलाई सूक्ष्म रूपमा केलाउने काम गरिएको छ । गणतान्त्रिक नेपालमा राष्ट्रको नाम र झन्डा फेर्नेसम्मका हर्कतहरू गरिएकोप्रति कथाकारको सशक्त विमति व्यक्त भएको छ । नेपाली चेलीमाथि हुने गरेका शोषण तथा छद्म रूपमा लुटेर गुजारा चलाउने प्रवृत्तिलाई पनि यहाँ झल्काइएको छ । संवेदना गुमाएर चितासँग सेल्फी लिनेसम्मका अमानवीय क्रियाकलापको प्रस्तुति पनि यहाँ पाइन्छ । गहिरो मानवीय संवेदनाको प्रस्तुतिका साथमा भोलिको हाम्रो अवस्थाप्रतिको चिन्ता कथामा व्यक्त भएको छ ।

**व्यङ्ग्यात्मकताः**

साहित्यकार विनोद नेपालका सिर्जनाको मूलभूत पाटो व्यङ्ग्यात्मकता हो । यिनका कविताहरूमा पनि व्यङ्ग्य पक्ष केन्द्र भागमा रहेको पाइन्छ । यस सङ्ग्रहका सबैजसो कथामा व्यङ्ग्यात्मक प्रवृत्ति चुलिन पुगेको देखिन्छ । व्यक्ति, परिवार, समाज तथा राष्ट्रिय जीवनमा मक्किएर रहेका विकृत प्रवृत्तिमाथिको शिष्ट प्रहार यिनका कथाको पहिचान नै मान्नुपर्दछ । यिनका कथामा ठाडो रूपमा प्रहार नगरी पात्रका प्रवृत्तिको उद्घाटनका साथमा व्यङ्ग्यको पर्रा हानिएको हुन्छ । मानिसको देखावटी आदर्शभित्र छिपेर रहेका कुकृत्य अनि आडम्बरहरूलाई सान्दर्भिक रूपमा बाहिर ल्याई धज्जी उडाउने हुनाले पनि यिनका कथाहरू रोचक र घोचक बन्न गएका छन् ।

..............बाँकी ६ पेजमा

## स्वास्थ्य/जीवनशैली


# मर्निङ वाक गर्दा ध्यान दिनुपर्ने पाँच कुरा

स्वस्थ र फिट रहन खानपानका साथै दैनिक व्यायामको पनि उत्तिकै आवश्यकता हुन्छ । अहिले स्वास्थ्यका लागि भन्दै बिहान मर्निङ वाक जाने प्रचलन बढ्दै गएको छ । गाउँमा उकाली ओराली गरिरहनुपर्ने भएकाले मर्निङवाक आवश्यक नभए पनि सहरमा बिहान हिंडुल गर्ने चलन बढेको छ ।

शारीरिक व्यायामले मान्छेलाई बाहिरी रुपमा मात्रै स्वस्थ बनाउँदैन फुर्तिलो समेत बनाउँछ । स्वस्थ रहनका लागि दौडिनु आवश्यक छ ।

सहरका हरेक स्थानमा व्यायामशाला भए पनि सबैले रुचाउँदैनन् । व्यायामशाला नरुचाउने वा जान नसक्नेहरुका लागि दौडिनु उत्तम विकल्प हो । दैनिक ३० मिनेट हिंड्दा वा दौडिंदा हामी स्वस्थ रहन सक्छौं । दौडले शारीरिक अवस्थालाई मात्रै नभई मानसिक अवस्थालाई समेत स्वस्थ राख्छ ।

अहिले स्वस्थ रहनुका साथै तौल घटाउन पनि बिहान मर्निङ वाकमा निस्किने वा दौडिने परम्परा छ । दौडले मुटु र फोक्सोलाई मात्रै नभई शरीरका अन्य मांसपेशीलाई समेत बलियो बनाउने काम गर्छ । स्वास्थ्यका लागि धेरैले दौडिन चाहन्छन् । तर उनीहरुले दौडिंदा अपनाउनुपर्ने सावधानी नअपनाउँदा समस्या हुने गर्छ । जसका कारण शरीरका साथै मांसपेशी दुख्ने, खुट्टा दुख्ने, हड्डी तथा जोर्नीहरु दुख्ने र मांसपेशी फ्याक्चर हुने सम्भावना रहन्छ । यस्ता समस्याबाट बच्न यसरी दौडिन सकिन्छ ।



**वार्मअप गर्ने :**
बिहान वा बेलुका दौडिने बानी छ भने वार्मअप गरेर मात्रै दौडिनुपर्छ । सिधै दौडिंदा मांसपेशीमा समस्या आउन सक्छ । वार्मअप विना दौडिंदा खुट्टा दुख्न सक्छन् भने मांसपेशीमा ऐठन हुन सक्छ । शरीर दौडिन तयार भएपछि मात्रै दौडिनु उपयुक्त हुन्छ । दौडिनका लागि वार्मअपका साथै आफू पनि मानसिक रुपमा तयार हुनुपर्छ ।

केही मात्रामा कार्ब्स खाने अधिकांश सर्वसाधारणको दौडिनु पूर्व केही नखाएरै दौडिने बानी हुन्छ । तौल घटाउन लागेकाले झन् खाएर दौडियो भने तौल घट्दैन भन्ने सोच्छन् । तर त्यस्तो होइन । दौडिनुभन्दा पहिला केही खानेकुरा खाएमा त्यसले शरीरलाई वार्मअप गर्न र दौडिन ऊर्जा दिन्छ । जसले हाम्रो शरीरलाई फाइदा पुर्‍याउँछ । यदि दौडका साथै मांसपेशी बढाउने चाहना छ भने व्यायाम गर्नु र दौडिनुभन्दा पहिले केही मात्रामा कार्ब्स खानु शरीरका लागि फाइदाजनक मानिन्छ । यसले मांसपेशीलाई मजबुत बनाउने काम गर्छ ।

**शरीरलाई सिधा राख्ने :**
दौडिंदा शरीरलाई सही तरिकाले राख्नुपर्छ वा सिधा राख्नुपर्छ । दौडिंदा हामीले मेरुदण्ड र हड्डीलाई सिधा राख्नुपर्छ । दौडिंदा टाउको नझुकाउने, छातीलाई सही आकारमा राख्ने, तीव्र गतिमा दौडिंदा ध्यान पुर्‍याउनुपर्छ । शरीरका लागि सिधा दौडिनुपर्छ ।

**दौडिंदा बीचमा वाक गर्ने :**
दौडिंदा बीचबीचमा ब्रेक लिन सकिन्छ । यसका लागि बीचमा बिस्तारै हिंडेर पनि अगाडि बढ्न सकिन्छ । पहिलोपटक दौडिनेहरुका लागि यो निकै उपयोगी हुन्छ । यसो गर्दा थकान कम लाग्नुका साथै सास फुल्नबाट बच्न सकिन्छ । बीचमा ब्रेक लिंदा शरीरलाई तनाव कम हुने र दौडिने शक्ति कायम रहिरहन्छ ।

**बेलाबेला पानी पिउने :**
दौडिंदा शरीरमा पसिना निस्किन्छ, यस्तोमा शरीरमा पानीको कमी हुन्छ । शरीरमा पानीको मात्रा कमी हुन नदिन प्रशस्त मात्रामा पानी पिउनुपर्छ । पानीको अभाव भएमा डिहाइड्रेसनको समस्या हुन्छ । दौडिंदा बेलाबेला थोरै मात्रामा पानी पिइरहनुपर्छ । पानी खाएर दौडिन वा दौडिंदा पानी खान नसक्ने भए दौडिसकेपछि प्रशस्त मात्रामा पानी पिउने गर्नुपर्छ ।

*ओन्ली माइ हेल्थबाट*

# अघिल्लो सरकारको स्वामित्व लिन बागलुङ नगरपालिकाका मेयरलाई सचेत

**जननिगरानी संवाददाता**
**बागलुङ**

नेकपा एमाले बागलुङ नगर कमिटीले अघिल्लो स्थानीय सरकारले गरेका महत्वपूर्ण र गौरवका योजनाको स्वामित्व लिन वर्तमान जनप्रतिनिधिलाई सचेत गराएको छ ।

बागलुङमा नवनिर्वाचित मेयर बसन्त कुमार श्रेष्ठलाई ज्ञापन पत्र बुझाउँदै गौरवको योजनाको रुपमा रहेको बलेवा एयरपोर्ट र बागलुङ बसपार्क अविलम्ब सञ्चाालनमा ल्याउन एमालले माग गरेको हो ।



यस अघि नेकपा एमालेको तर्फबाट जनकराज पौडेल नगर प्रमुख हुनुहुन्थ्यो । हाल सत्ता गठबन्धनबाट नेपाली काँग्रेसका बसन्त कुमार श्रेष्ठ नगर प्रमुख हुनुहुन्छ ।

एमालेले नगरपालिकामा कार्यरत कर्मचारीलाई राजनितिक प्रतिशोधका आधारमा हटाएको भन्दै अविलम्ब सच्याउन माग गरेको छ । नगरकार्यपालिका असार मसान्तको दिन सम्पन्न बैठकले नगरपालिकामा कार्यरत ११ जना कर्मचारी हटाउने निर्णय गरेको थियो ।

बागलुङ नगरपालिका

..............बाँकी ६ पेजमा

# लघुजलविद्युतमा करोडौं लगानी खेर

**बागलुङ** - मिनिग्रिड परियोजना धरासयी बन्दा राज्यको करोडौं लगानी डुबेको छ । लघुजलविद्युत् आयोजनालाई मिनिग्रिडमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोड्न बनाइएका पूर्वाधार लथालिङ्ग छन् ।

जैमिनी नगरपालिका ४, ९ र १० मा रहेका सात लघुविद्युत्मा आयोजनाबाट उत्पादित बिजुलीलाई एकै ठाउँबाट राष्ट्रिय प्रसारणमा दिन विसं २०६७ मा मिनिग्रिड बनाइएको थियो । विडम्बना १ राष्ट्रिय प्रसारण लाइनमा जोडिन नपाउँदै उक्त परियोजना अलपत्र परेको छ ।

दुई वर्षसम्म जेनतेन चले पनि व्यवस्थापकीय कमजोरीका कारण परियोजना दिगो हुन सकेन । मिनिग्रिड बन्द भएपछि ११ केभिए विद्युत् प्रसारण लाइन, पोल, ट्रान्सफर्मरलगायत संरचना प्रयोगविहीन छन् । सडक विस्तार, बर्सातको बाढीपहिरो आदिले कतिपय ठाउँका तार र पोलमा क्षति पुगेको छ ।

केही समय मिनिग्रिडमार्फत एकार्कासँग जोडिएका सातवटै लघुजलविद्युत् आयोजना अहिले पूर्ववत् स्थितिमै चलेका छन् । केन्द्रीय विद्युतीकरण भएपछि ती आयोजना सञ्चालनमा पनि चुनौती थपिएको छ । परियोजनाका तत्कालीन अध्यक्ष टेकबहादुर श्रीसले मिनिग्रिड बनाउँदा उबेला झण्डै रु डेढ करोड खर्च भएको बताए । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघुजलविद्युत् आयोजनाको बिजुलीलाई एकीकृत गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने लक्ष्यसहित परियोजनामा लगानी गरेको थियो ।

श्रीसले आफू अध्यक्ष छँदा परियोजना बनेको भए पनि पछिल्लो नेतृत्वले त्यसलाई चलाउन नसकेको बताउनुभयो । 'नेतृत्वले पनि इच्छाशक्ति देखाएन, समुदाय एक्लैले मात्र व्यवस्थापन गर्न सकेन', उहाँले भन्नुभयो, 'राज्यका निकायले पनि हेरेनन्, पछि अस्तव्यस्त भएर परियोजना नै बन्द भयो ।' परियोजना सञ्चालन तथा व्यवस्थापनका लागि बनेको उर्जा उपत्यका सहकारी संस्था पनि अहिले निष्क्रिय छ । करिब आठ किमि दूरीको मिनिग्रिडलाई राष्ट्रिय प्रसारण लाइनमा गाभ्न नेपाल विद्युत् प्राधिकरणसँग पनि परियोजना व्यवस्थापनले छलफल चलाएको थियो । त्यसले पनि सार्थकता पाएन । अहिले प्राधिकरणले आफ्नै प्रसारण लाइनबाट जैमिनीमा विद्युतीकरण गरिरहेको छ ।

प्राधिकरणको बागलुङ वितरण केन्द्रका इन्जिनियर प्रकाश काफ्लेले विद्युत् विस्तारका क्रममा मिनिग्रिडकै लाइन र पोल प्रयोग गर्न खोज्दा आयोजनाका स्थानीय व्यवस्थापकले नदिएको गुनासो गर्नुभयो । 'आधिकारिकरुपमा प्राधिकरणलाई हस्तान्तरण भएमा अझै पनि लाइन र पोल प्रयोगमा ल्याउन सकिन्छ', उहाँले भन्नुभयो, 'पहिले नै दिएको भए त्यहाँ भएको लगानीले अरु ठाउँमा विद्युत् सेवा विस्तार हुन्थ्यो, एकै ठाउँमा दुई-दुई वटा प्रसारण लाइन चाहिने नै थिएन ।' उहाँले नमूना परियोजनाका रुपमा मिनिग्रिड सञ्चालनमा ल्याइए पनि पछि असफल भएको बताउनुभयो ।

जैमिनी-१० राङ्खानीका मित्र थापाले मिनिग्रिडमा भएको लगानी 'बालुवामा पानी' सरह भएको टिप्पणी गर्नुभयो । लघुजलविद्युत् आयोजना आफ्नै ढङ्गले चले पनि मिनिग्रिडका नाममा राज्यले गरेको लगानी खेर गएको उनको भनाइ छ । 'कतै तार लत्रिएको छ, कतै पोल ढलेका छन्, रेखदेख र संरक्षण छैन, सबै लथालिङ्ग अवस्थामा छ', उहाँले भन्नुभयो, 'बेलैमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न सकेको भए लगानी जोगिन्थ्यो, स्थानीयले लाभ पाउँथे ।'

अहिले केन्द्रीय विद्युत् पुगेपछि लघुजलविद्युत् आयोजनाको भविष्य पनि अन्यौलमा परेको छ । उपभोक्ता दुईतिर बाँडिदा आयोजनाको आम्दानी घट्दो छ । मर्मतसम्भार नहुँदा केही आयोजना जीर्ण बनेका छन् । आयोजना चलाउनै धौधौको स्थिति छ । ती आयोजनाबाट कूल १२८ किलोवाट बिजुली उत्पादन हुन्छ । विसं २०५४ देखि जैमिनीमा लघुजलविद्युत् आयोजना बन्न थालेका हुन् । जैमिनी-१० राङ्खानीमा २६ किलोवाटको ऊर्जाखोलासहित, ठेउलेखोला, कालुङखोला, बिजुवा, ऊर्जाखोला दोस्रो, तेस्रो र चौंथो आयोजना सञ्चालनमा छन् ।

ऊर्जाखोला निर्माणमा झण्डै २० लाख खर्च भएको थियो । अहिले पर्ने लागतसँग हेर्दा त्यो रकम धेरै ठूलो हुन आउँछ । आयोजना

..............बाँकी ६ पेजमा



## राजनीति...............

जानकारी गराउनुपर्दैन ? सरकारले सदनलाई, जनतालाई, देशलाई ढाट्ने कहिलेसम्म ? यसको जोखिमबाट बच्न के तयारी गर्नुपर्ने हो ? किन योजना बन्दैन ? किन कार्यान्वयन हुँदैन ?

अहिले सबै भन्छन्, यसका जिम्मेवार भनेका गठबन्धनका राजनैतिक दलहरु नै हुन् । तसर्थ जनताले नछाड्ने प्रस्ट छ । जनता उठे कसैको केही लाग्दैन । यस विषयमा श्रीलंकाबाट पाठ सिक्नुपर्ने भएको छ । यस अवस्थाबारे सरकारले जिम्मेवारी लिँदै आत्मालोचित हुनुपर्दैन ? सरकारले जनतालाई आउँदा दिनहरु उज्ज्वल हुनेछन् भन्ने आशा जगाउन सक्नुपर्दैन ? आज सर्वत्र जनता निराश छन्, त्रसित छन् । तसर्थ अब अटेरीपन, नीतिगत भ्रष्टाचार, न्यून सेवाभाव, सास्तीमा दखल जस्ता दुर्गुणप्रति आत्मालोचित हुँदै सो दुर्गुण हटाएर सुशासन दिने प्रतिबद्धता व्यक्त गर्न सक्नुपर्दछ । आत्मालोचना गर्नु भनेको कद घटाउनु होइन बरु राजनेताको सूचक हो । अस्तु !

*नेपालप्रेसबाट साभार ।*

## एकता..................

मानवीय संवेदना गुमाएर जलिरको चितासँग सेल्फी खिच्न उद्यत हुने प्रवृत्तिलाई कथामा नाङ्गेभार पार्ने काम गरिएको छ । जिम्मेवारीमा रहेका मानिसहरू नै अकर्मण्य भैदिँदा सिङ्गो समाज र राष्ट्रलाई नै असर पर्न जाने कुराको चिन्ता कथामा पाइन्छ । हाम्रो सामाजिक अनि सांस्कृतिक क्षेत्रमा रहेका ढोंगी प्रवृत्तिहरूलाई शालीन रूपमा पर्दाफास गर्ने काम यी कथाहरूमा गरिएको छ । बाहिर देखालो रूपमा महिला अधिकार र सम्मानका कुरा गर्ने तर घरमा चाहिँ स्वस्थानीको व्रत बस्ने महिलाहरूको प्रवृत्ति होस् वा पाप कर्म गर्न उद्यत हुने अनि गोदान गरेर प्रायश्चित गर्ने प्रवृत्तिप्रति मर्ममै पुग्ने गरी प्रहार गरिएको छ । मानिसको बोली एउटा अनि व्यवहार अर्कै भएकाले नै खास समस्या नम्तिएको हो भन्ने निष्कर्ष कथाकारको रहेको छ । व्यङ्ग्य र कटाक्षका माध्यमबाट यस्ता चरित्रमा परिष्कारको अपेक्षा राखिएको छ । नैतिक सङ्कटप्रति खबरदारी गर्न गोदानभित्रका कथाहरू उपयुक्त रहेको अनुभव हुन्छ । मानिसमा खस्किँदै गएको चरित्रलाई जीवन्त रूपमा उतार्ने काम यहाँ गरिएको छ । सारमा भन्दा व्यङ्ग्य प्रस्तुत सङ्ग्रहको प्राणका रूपमा रहेको छ ।

**निष्कर्ष:**

विनोद नेपालको कलम साहित्यका विविध विधामा चलेको देखिन्छ । तीसको दशकबाटै साहित्य सिर्जनामा लागेका नेपालका रचनाहरू २०४१,०४२ सालतिरै बीबीसी नेपाली सेवा र रेडियो नेपालबाट प्रसारित भएको पाइन्छ । त्यसै समयदेखि राष्ट्रिय र स्थानीय पत्रिकाहरूमा यिनका रचनाहरू प्रकाशित हुन थालेको पाइन्छ । यही क्रममा फुटकर रूपमा दर्जनौं रचनाहरू प्रकाशित हुँदै आएको भए पनि कृतिका रूपमा २०७६ सालबाट प्रकाशित भएको पाइन्छ । यसपछि वार्षिक रूपमै यिनका कृतिहरू प्रकाशनमा आउनुलाई सुखद पक्ष मान्नुपर्दछ । अहिले नेपाल पूर्ण रूपमा साहित्य सिर्जनामा तल्लीन भएको देखिन्छ । साहित्यका नयाँ नयाँ प्रयोगतर्फको रुचि अनि राष्ट्रको अवस्थाप्रतिको चिन्तन यिनको लेखनमा पाइन्छ ।

यिनको गोदान (२०७७) लघुकथासङ्ग्रहमा समकालीन नेपाली समाजको प्रतिबिम्ब उतारिएको छ । यस सङ्ग्रहमा कुल छपन्नवटा कथाहरू समेटिएका छन् । यस सङ्ग्रहभित्रका कथाहरूमा विविध विषय र प्रवृत्तिलाई प्रस्तुत गरिएको पाइन्छ । मानिसमा रहेको कामचोर प्रवृत्ति अनि छोपिएर रहेको सक्कली अनुहारलाई बाहिर ल्याउने काम गरिएको छ । व्यक्तिका तहमा छिपेर रहेका कमजोरी र खराब प्रवृत्तिलाई प्रहार गरी सुसंस्कृत समाज निर्माणको अपेक्षा गरिएको छ । सामाजिक, सांस्कृतिक अनि पारिवारिक जीवनमा गाँजिएर रहेका आडम्बरप्रति हिर्काई मानिसका आम व्यवहारमा सुधार ल्याउनुपर्ने सन्देश प्रवाहित गरिएको छ । राष्ट्रिय तहमा खड्किएका विषय र बल्भिएका समस्याप्रतिको नागरिक चासो पनि यिनका कथामा पाइन्छ । प्रस्तुति शिष्ट र शालीन तर मर्ममा निन्दा र कटाक्ष भने गम्भीर रूपमा आएको पाइन्छ । कथाहरू पढ्दै जाँदा पाठकले पनि मानसिक रूपमा राहत र सन्तुष्टिको अनुभूति गर्दछ । नेपाली जनजीवनलाई छामेर सिर्जना गर्न सक्ने स्रष्टा विनोद नेपालको कलम निरन्तर रूपमा चलोस् हार्दिक शुभकामना ।

*साहित्यपोष्टबाट साभार ।*

## बागलुङमा...........

हुने, सरकारी कार्यालयको उदासिनता र विकास निर्माणको काममा ढिला सुस्ती हुँदा ठूलो रकम खर्च हुन सकेन ।

गत आबमा संघीय तथा प्रदेश कार्यालयबाट प्राप्त ३ अर्ब ६४ करोड १५ लाख पाँच सय बजेट मध्ये ९० करोड १३ लाख ५४ हजार पाँच सय बजेट फ्रिज भएको प्रमुख कोष नियन्त्रक धर्मभक्त बस्यालले बताउनुभयो ।

बागलुङमा संघीय सरबारले पूँजीगततर्फ एक अर्ब ५४ करोड २६ लाख ९२ हजार प्राप्त भएकोमा ८९ करोड ८५ लाख ७४ हजार खर्च भएको छ । गण्डकी प्रदेश सरकारग उपलब्ध गराएको दुई अर्ब नौ करोड ८८ लाख पूँजीगत खर्च मध्ये एक अर्ब ८४ करोड १५ लाख बजेट खर्च भएको छ ।

असार महिनामा मात्रै यहाँका सरकारी कार्यालहरुले एक अर्व २४ करोड ८४ लाख २७ हजार रुपियाँ खर्च गरेका थिए । । कुल बिनियोजीत २ अर्व ७४ करोड, १ लाख ६४ हजार ७ सय ८३ मध्ये ३४.२८ प्रतिशत बजेट असार महिनामा मात्रै खर्च भएको कोष नियन्त्रक भण्डारीले बताउनुभयो । पछिल्लो ११ महिनामा ४१.७२ प्रतिशत मात्रै पुँजीगत खर्च गरेका कार्यालयहरुले असारमा मात्रै उक्त खर्च गरेका हुन् । पूँजीगत शीर्षकको बजेटको ठूलो मात्रा असार महिनामा खर्च गर्ने प्रवृतिमा अझै सुधार आउन सकेको छैन् । चालु तर्फ ९४.४५ प्रतिशत र पुजीगत तर्फ ७५.२५ प्रतिशत बजेट खर्च भएको हो ।

जिल्लामा प्रदेशका २० र संघीय सरकारका ६० कार्यालय छन् । स्थानीय तहमा संघीय तथा प्रदेश सरकारले सिधै सञ्चालन गर्ने कार्यक्रम पनि २० र ६० भीत्रै पर्ने प्रमुख कोष नियन्त्रक बस्यालले बताउनुभयो ।

## कालिकाले............

व्यवस्थापन समितिका सचिव भरत खडकाले बताउनुभयो । सवारी पार्किङ्ग बापत संकलन भएको शुल्क रकम मानव सेवा आश्रममा खर्च गरिने छ ।

## बागलुङका...........

ध्यानमा राखेर वडा तथा टोलस्तरमा भत्ता वितरणको व्यवस्था मिलाएको कार्यवहाक वडाध्यक्ष कृष्णबहादुर भण्डारीले जानकारी दिनुभयो । भत्ता रकम बुझ्न बर्खाको बाटो जोखिम मोलेर बैंक शाखासम्म आउँदा यातायात, खाना, सहयोगीको थप रकम खर्च गर्नुपर्न भए पछि जनप्रतिनिधिको पहलमा बैंक कर्मचारी नै वडा तहमा पुग्न थालेका हुन ।

## अघिल्लो...............

भित्रका सामुदायिक विद्यालय सुधारको लागि संघिय सरकारवाट विनियोजित ६ करोड भन्दा बढी रकम विद्यालयको खातामा सोझै दाखिला गरी त्यसको अनुगमन पश्चात फस्यौट गर्ने विभागको परिपत्र भए पनि फ्रिज गर्ने काम भएको प्रति गम्भिर ध्यानकर्षण गराएको नगर कमिटी अध्यक्ष धनबहादुर परियारले जानकारी दिनुभयो

विद्यालयको रकम फ्रिज गर्ने काम नियतवश गरिएको उल्लेख गर्दै घोर आपत्तिजनक कदमलाई सच्याई जिम्मेवारीपुर्वक कार्य गर्न र त्यसलाई पुन कार्यान्वयनमा ल्याउन माग गरेको छ । बजार क्षेत्रमा खानेपानीको उचित व्यवस्थापन गर्न एमालले माग गरेको छ । आफ्ना माग पुरा नभएको खण्डमा थप कडा संघर्षका कार्यक्रमहरु अघि बढाउन बाध्य हुने अध्यक्ष परियारको भनाई छ ।

## लघुजलविद्युत.......

व्यवस्थापकले स्थानीय सरकारले आफ्नो सम्पत्तिका रुपमा लघुजलविद्युत्लाई लिनुपर्ने माग गरे पनि जैमिनी नगरपालिकाले खासै चासो दिएको छैन । प्राविधिक जनशक्ति व्यवस्थापन र केही संरचनागत सुधार गर्नसके मिनिग्रिडलाई फेरि चलाउन सकिने व्यवस्थापक बताउँछन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघुजलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न तयारी अगाडि बढाएको भनिए पनि त्यसले परिणाम दिन सकेको छैन ।

गलकोट नगरपालिका-१ दुदिलाभाटीमा रहेका छ लघुजलविद्युत् आयोजनालाई मिनिग्रिडमा गाभ्न केन्द्रले विसं २०७२ मा गरेको प्राविधिक अध्ययन तथा सर्वे पनि त्यसै अलपत्र परेको छ । मिनिग्रिड बन्नु त परैको कुरा उल्टै त्यहाँ सञ्चालित आयोजना नै बन्द भएका छन् ।

गौँदीखोला पहिलो लघुजलविद्युत् आयोजनाका सचिव मोहदत्त सुवेदीका अनुसार अहिले एउटा मात्र आयोजना सञ्चालनमा छ । त्यो पनि राष्ट्रिय प्रसारणको बिजुली नआउँदाका बखत विकल्पका रुपमा मात्र । १८ किलोवाटको गौँदीखोला दोस्रो आयोजनाबाट मात्र अहिले विद्युत् उत्पादन भइरहेको छ । २४ किलोवाटको गौँदीखोला पहिलो, २१ किलोवाटको गौँदीखोला तेस्रो, १५ किलोवाटको गौँदीखोला चौँथो, १७ किलोवाटको चिप्लखोला र नौ किलोवाटको काउलेखोला लघुजलविद्युत् आयोजना बन्द भएको छ ।

'मिनिग्रिडमार्फत केन्द्रीय प्रसारणमा जोड्न हामीले पहल पनि गर्‍यौं, लगानी थप्न उपभोक्ता पनि तयार थिए', सचिव सुवेदीले भन्नुभयो, 'पछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पनि चासो दिएन, मिनिग्रिडको योजना बीचमै तुहियो ।' केन्द्रीय बिजुली आएपछि लघुजलविद्युत् आयोजना उपेक्षामा परेको उहाँको भनाइ छ ।

पूर्ण क्षमतामा चलेमा दुदिलाभाटीका ६ आयोजनाबाट हिउँदमा १०४ र वर्षायाममा १६० किलोवाटसम्म बिजुली निस्कन्छ । प्राविधिज्ञका अनुसार एक किलोवाट विद्युत् उत्पादनका लागि रु तीन लाख ५० हजारदेखि पाँच लाखसम्म लाग्छ । यसरी हेर्दा करोडौं लगानीमा बनेका लघुजलविद्युत् आयोजना जोखिममा छन् । जिल्ला समन्वय समितिको आँकडाअनुसार यहाँ १२० लघुजलविद्युत् आयोजना छन् । जसबाट झण्डै दुई मेगावाट बिजुली निस्कन्छ । २२ हजार घरधुरीमा उज्यालो पुगेको छ । अहिले पनि तमानखोला र निसीखोला गाउँपालिका पूर्ण रुपमा लघुजलविद्युतमा निर्भर छ ।

केन्द्रीय विद्युत् नपुगेका अरु पालिकाका बासिन्दाले पनि लघुजलविद्युत् आयोजनाकै बिजुली प्रयोग गर्छन् । यसअघि राष्ट्रिय नवीकरणीय ऊर्जा कार्यक्रमको क्षेत्रीय सेवा केन्द्रका रुपमा रहेको ( डिसिआरडिसी)का अध्यक्ष ईश्वरलाल राजभण्डारीले लघुजलविद्युत् आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापनमा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

उहाँका अनुसार विगत छ वर्षयता जिल्लामा नयाँ आयोजना भने बनेका छैनन् । दातृ निकायको सहयोग आउन छाडेपछि कार्यक्रम नै रोकिएको अध्यक्ष राजभण्डारीले बताउनुभयो । पहिले संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, विश्व बैंकलगायतका दाताले लघुजलविद्युत् आयोजनामा आर्थिक सहयोग गर्थे । तत्कालीन जिविस र गाविसले पनि आयोजनामा खर्च गरे ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आयोजना बनाउँदा ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँथ्यो । त्यसबाहेक अरु साझेदार सङ्घसंस्था, निकाय र उपभोक्ताको पनि आयोजनामा लगानी तथा श्रमदान परेको छ । एक आँकडाअनुसार नेपालमा तीन हजार २०० भन्दा बढी लघुजलविद्युत् आयोजना छन् । ती आयोजनाबाट निस्कने ३६ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइन बाहिर छ ।

# मालढुंगा आसपासका बोर्ड हटाईयो

**बागलुङ -** बागलुङ नगरपालिका बागलुङले जिल्ला प्रवेशद्वार मालढुङ्गामा जथाभावि राखिएका व्यवसायिक होडिङ बोर्ड हटाउन सुरु गरेको छ ।

प्रवेशद्वार नै कुरुप हुनेगरी बागलुङ नगरपालिका-१ मालढुङगा र कालिका भगवती मन्दिर वरपर राखिएका विज्ञापन होडिङ बोर्ड हटाउन सुरु गरिएको हो । सहरी सुन्दरताको लागि विज्ञापन होडिङ बोर्ड हटाउन थालेको बागलुङ नगरपालिका- का अध्यक्ष जयबहादुर केसीले बताउनुभयो । केसीकै संयोजकत्वमा बनेको 'विज्ञापन होडिङ बोर्ड' व्यवस्थापन समितिले मालढुङगामा रहेका बोर्डहरु हटाएको हो । यहाँबाट हटाईका बोर्डहरु अन्यत्र कुनै उपयुक्त ठाउँमा राख्न दिइने केसीले बताउनुभयो । सार्वजनिक जग्गामा रहेका बोर्डहरु नगरपालिका आफैले हटाएको र व्यक्तिगत जग्गामा भएका बोर्डहरु हटाउन पहिलो चरणमा १५ दिन र दोस्रो चरणमा ७ दिनको म्याद दिइएको छ । 'हामीले जग्गाधनी र बोर्डधनी दुवैलाई जानकारी गराएका छौं ।' केहीले व्यसायिहरुले आफै हटाएको अध्यक्ष केसीको भनाई छ ।

समितिले नगर कार्यपालिकाको बैठकबाट भएको निर्णय कार्यान्वयन गरेको हो । प्रबेशद्वारमा रहेका होटल, रेष्टुँरा, बैंक तथा बित्तिय संस्था, बिभिन्न कम्पनी र सामाजिक संघ संस्थाले राखेका स्वागत बोर्डसमेत हटाउन थालिएको छ । 'अब चार वटा ठूला बोर्ड व्यक्तिका जग्गामा बाँकी छन्, उहाँहरुले ७ दिनभित्र आफै हटाउँछौं भन्नुभएको छ', केसीले भन्नुभयो 'तोकिएको समयभित्र नहटाए हामी हटाउँछौं ।' मालढुङगामा बागलुङको परिचय झल्किने गरी डिजिटल बोर्ड राख्ने योजना रहेको नगरप्रमुख बसन्तकुरमा श्रेष्ठले बताउनुभयो । नगरपालिकाले जिल्लाका पर्यटकीय क्षेत्र, यहाँका कला संस्कृति र भूगोलको विषयमा जानकारी समेटेर डिजिटल बोर्ड राख्ने योजना बनाएको छ ।

बागलुङ कालिका भगवती मन्दिरको प्रबेशद्वार आसपासमा रहेका बोर्डसमेत नगरपालिकाले हटाउन भनेको छ । प्रसिद्ध कालिका मन्दिरको मौलिकता हराउने गरी बिज्ञापन बोर्ड राखिएको भन्दै नगरले हटाउन भनेको हो । व्यवसायिक बोर्ड हटाएको विषयमा बागलुङका व्यवसायीले आपत्ति जनाएका छन् । बिना जानकारी व्यक्तिको सम्पत्ती नगरपालिकाले जर्बजस्ती क्षति गरेको उनीहरुको आरोप छ । 'कुनै जानकारी बिना हाम्रो बोर्ड फालिएको छ' होटल दि राजनका सञ्चालक एन्जिल शाक्यले भन्नुभयो- 'वार्षिक भाडा तिरेका छौं, बोर्ड बनाउँदा ७०/८० हजार खर्च भएको छ, त्यसको सुरक्षा गर्न नगरपालिकाले किन नदिएको हो ।'

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उपभोक्ताले ध्यान दिनु पर्ने कुराहरु

- मूल्यसूची वा बस्तुको लेबलमा अंकित मूल्य हेरी सामान खरिद गरौं ।
- आफूले खरिद गर्न लागेको बस्तुमा नापतौल उल्लेख छ/छैन र खुल्ला वस्तु भए मूल्यसूची हेरेर मात्र खरिद गरौं ।
- आफूले खरिद गर्न लागेको बस्तुको गुणस्तरमा ध्यान दिऔं ।
- व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।
- बस्तुको उपभोग्य मिति हेरी खरिद गरौं र उपभोग्य मिति गुज्रेका (म्याद नाघेका) सामाग्री खरिद नगरौं ।
- सामान खरिद गर्दा बिल लिने बानी बसालौं ।
- मूल्य, तौल र गुणस्तरबाट ठगिएमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वा मन्त्रालयमा खबर गरौं ।

अनुरोधक :
प्रदेश सरकार
पर्यटन, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
सम्पर्क नं.: ०६१-५३७९८२
इमेल: moitfe4@gmail.com